# "बराहक्षेत्र नगर अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७६"

बराहक्षेत्र नगरपालिकासंग भएका श्रोत र साधनको अधिकतम उपयोग गरि यहाका सर्बसाधारण जनतालाई संघ र प्रदेश सरकारद्वारा नियमित रुपमा उपलब्ध गराईएका स्वास्थ्य सेवा भन्दा थप प्रवर्धनात्मक, प्रतिकारात्मका, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवा सुबिधा उपलब्ध गराउन यस नगरपालिकाको सदरमुकाम चक्रघट्टीमा 'बराहक्षेत्र नगर अस्पताल' संचालन गर्नका लागि 'बराहक्षेत्र नगर अस्पताल ब्यबस्थापन समिति गठन आदेश २०७६' गठन गर्न वान्छनीय भएकाले, बराहक्षेत्र नगरकार्यपालिकाले यो गठन आदेश जारी गरेको छ ।



Scanned with CamScanner

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस गठन आदेशको नाम **"बराहक्षेत्र नगर अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७६"** रहेको छ ।

(२) यो गठन आदेश बराहक्षेत्र नगरपालिका भर लागु हुनेछ ।

(३) यो गठन आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस गठन आदेशमा:-

(क) "नगरअस्पताल" भन्नाले 'बराहक्षेत्र नगर अस्पताल' सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले बराहक्षेत्र नगरपालिका सम्झनु पर्छ ।

(घ) "स्थानीय सरकार" भन्नाले बराहक्षेत्र नगरकार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं १ को प्रदेश सरकार सम्झनु पर्छ ।

(च) "नेपाल सरकार" भन्नाले "संघीय नेपाल सरकार" भन्ने सम्झनु पर्दछ ।

(छ) "कोष" भन्नाले दफा ७ बमोजिमको कोष सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस गठन आदेश अन्तर्गत हुने कार्यकारी आदेश वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **समितिको गठन:** (१) बराहक्षेत्र नगरअस्पताल संचालन तथा व्यवस्थापन गर्न देहायबमोजिम व्यवस्थापन समिति गठन गरिनेछ ।

१:अध्यक्ष:- नगरप्रमुख पदेन

२:उपध्यक्ष:- नगरउप-प्रमुख पदेन

३:सदस्य:- प्रमुख प्रशासकीय अधिकृत पदेन

४:सदस्य:- सम्बन्धित वार्ड अध्यक्ष एक जना पदेन

५:सदस्य:- नगर कार्यपालिकाले मनोनयन गरेकोनगर सभा सदस्यबाटएक जना

६:सदस्य:- नगर कार्यपालिकाले मनोनयन गरेको स्थानीय मध्य एक जना

७:सदस्य:- नगर कार्यपालिकाले मनोनयन गरेकोलायन्स संस्थाबाट एक जना

८: सदस्य:- नगर कार्यपालिकाले मनोनयन गरेकोमहिलाएक जना

९:सदस्य:- नगरस्वास्थ्य संयोजक पदेन

१०: सदस्य:- सरकारी दरबन्दीमा रहनु भएका स्वास्थ्यका कर्मचारीहरुमध्ये नगर अस्पताल समितिले मनोनयन गरेको एक जना

११:सदस्य सचिव:- दफा ६. अनुरुप नियुक्त भएको 'ब्यवस्थापक' एक जना



Scanned with CamScanner

(२) देहायको योग्यता भएको व्यक्ति समिति पदाधिकारी एबम् सदस्य पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) नेपालि नागरिक ।

(३) देहायको व्यक्ति समितिको अध्यक्षवा सदस्य पदमा नियुक्तिका लागि अयोग्य हुनेछः-

(क) नैतिक पतन देखिने फोजदारी अभियोगमा कसुरदार ठहरी सजाय भोगेको ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्तर्गतको कुनै संगठित संस्था वा स्थानीय तहसंग सम्बन्धित कुनै वेरुजु तथा वाकी वक्यौता भएको ।

(ग) उच्च नैतिक चरित्र नभएको तथा कालोसुचिमा परेको।

(घ) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति वा ड्राइभर्सीटि भिसाका लागि आवेदन गरेको ।

(४) समितिका पदाधिकारीहरु एबम् सदस्यहरुको पदावधि निम्नानुसार हुनेछः-

(क) निर्बाचित पदाधिकारी एबम सदस्यहरुको पदावधि अर्को निर्बाचन भई नयाँ व्यक्तिले पदभार ग्रहण गरेको दिन सम्म हुनेछ ।

(ख) नगरकार्यपालिका द्वारा मनोनित सदस्यहरुको पदावधि नगरकार्यपालिकाद्वारा मनोनयन भएको मितिले ठिक तीन वर्षको हुनेछ ।

(ग) सरकारी दरबन्दीमा रहनु भएका स्वास्थ्यका कर्मचारीहरु मध्ये नगर अस्पताल समितिले मनोनयन गरेको सदस्यले राजिनामा दिनुभएमा वा सरुवा भई जानु भएमा समितिले पुन सोहि किसिमको सदस्य मनोनयन गर्नु पर्ने छ ।

(५) समितिले आवश्यक देखेमा स्थानीय सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा उपस्थिति हुन आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिले आवश्यक देखेमा समितिको पूर्ण बैठकको कम्तिमा दुई तिहाईको सिफारिसमा सल्लाहकारहरु स्थानीय सरकारले मनोनयन गर्न सक्नेछ ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा स्थानीय सरकारले निर्णय गरि जुनसुकै बखत हटाउन सक्नेछ ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) स्रोत-साधन जुटाई स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय, चुस्त दुरुस्त बनाउने,

(ख) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सरल, व्यवस्थित, सर्वसुलभ र पारदर्शी बनाउने,

(ग) स्वास्थ्य संस्थाको प्रभावकारीरुपमा व्यवस्थापन र संचालन गर्ने,



Scanned with CamScanner

(घ) स्वास्थ्य संस्थाको लागि अल्पकालीन तथा दिर्घकालिन योजना तर्जुमा गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्थाको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(च) स्वास्थ्य संस्थाको सेवा शुल्क प्रस्ताव गरि स्वीकृतिका लागि स्थानीय सरकारमा पेश गर्ने,

(छ) स्वास्थ्य संस्थाको भौतिक सम्पत्ति संरक्षण, मर्मत-सम्भार तथा विकास गर्ने,

(ज) स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवा सुबिधाहरुको नियमित अनुगमन, मुल्यांकन रपृष्ठपोषण गर्ने,

(झ) स्वास्थ्य सस्था मार्फत तोकिएको ढाचामा मासिक रुपमा प्रतिवेदन तयार पारि स्थानीय सरकार समक्ष पेश गर्ने,

(ञ) लक्षित वर्गलाई प्रचलित मापदण्ड बमोजिमको नि:शुल्क उपचारको प्रभावकारी व्यवस्था मिलाउने,

(ट) स्वास्थ्य संस्था र संस्था परिसरको सरसफाई गर्ने, गराउने र फोहोर बिसर्जको उचित प्रबन्ध मिलाउने,

(ठ) छिमेकि सरकारी, गैर सरकारी संस्थाहरुसंग सहकार्य समन्वय गरि स्वास्थ्य सेवा विस्तार गर्ने, गराउने ।

(ड) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

५. **<u>समितिको बैठक सम्बन्धि व्यवस्था:</u>** (१) समितिको बैठक मासिक रुपमा बस्नेछ । तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बेला पनि समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको एक तिहाई सदस्यले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा अठ्चालिस घण्टा अगावै सदस्य सचिवले बैठकको एजेन्डा सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिले कुल संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य सचिव (ब्यबस्थापक)ले प्रमाणित गरि राख्नु पर्नेछ ।

(८) दफा ६. बमोजिम ब्यबस्थापक नियुक्ती नहुदा सम्म र ब्यबस्थापकको पद रिक्त भएको अवस्थामा सदस्य सचिवको जिम्मेवारी समितिका पदेन सदस्य प्रमुख प्रशासकीय अधिकृतज्यूको हुनेछ ।

(९) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।



Scanned with CamScanner

(१०) कुनै कारण जनप्रतिनिधिहरु रहनु भएको पदहरु रिक्त रही रहेमा समितिमा रहनुहुने सबैभन्दा जेष्ठ सदस्यले समितिको बैठकको अध्यक्षतागरिनियमित कामचलाउ कामकारबाही अगाडी बढाउन सक्नेछन। पछिपूर्ण समिति गठन भए पछि त्यस बीच भएका कामकारबाहीहरु अनुमोदन गराउनु पर्नेछ ।

(११) समितिका पदाधिकारीहरुको नियमानुसारको बैठक भत्ता पाउने छन ।

(१२) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

६. **ब्यबस्थापक नियुक्ती सम्बन्धि व्यवस्था:-** राष्ट्रब्यापी रुपमा खुला प्रतिस्पर्धात्मक रुपमा एक जना ब्यबस्थापक (म्यानेजिंङ डाइरेक्टर)नगर अस्पताल ब्यबस्थापन समितिले छनौट र सम्झौता गरि नगरकार्यपालिका द्वारा अनुमोदन गर्नु पर्नेछ ।

(१) ब्यबस्थापकको न्युनतम योग्यता:- कम्तिमा MBBS उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको नेपाली नागरिक हुनु पर्नेछ ।

(२) ब्यबस्थापक छनौट समिति:- सम्बन्धित बिज्ञ सहित नगर अस्पताल ब्यबस्थापन समितिले निर्धारण गरे अनुरुप हुने छ ।

(३) ब्यबस्थापकको सेवा अबधि, सेवा सुबिधा, कर्तब्य, दायित्व र जिम्मेवारी नगर अस्पताल समितिले निर्णय गरि सम्झौता गरे अनुरुप हुनेछ ।

७. **जनशक्ति सम्बन्धि व्यवस्था:** (१) समितिले स्वास्थ्य संस्थामा सेवा संचालन विस्तार तथा गुणस्तर अभिबृधि गर्नको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि स्थानीय सरकारले स्वीकृत गरे पश्चात स्वास्थ्य संस्थाको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी खुल्ला प्रतियोगीताद्वारा आवश्यक जनशक्ति करारमा लिन सक्नेछ । मासिक तलब भुक्तानी लिने जनशक्ति संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्वीकृत दरबन्दी भन्दा बढी राख्न पाईने छैन । तर दैनिक ज्यालादारी दिने गरि अल्पकालीन रुपमा र काममा/आम्दानीमा आधारित भुक्तानी दिने गरि आवश्यकता अनुरुप समितिले निर्णय गरि जनशक्ति राख्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति हुनेहरुको पारिश्रमिक सेवाको शर्त र सुबिधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ । अन्य व्यवस्था "स्थानीय स्वास्थ्य संस्था कर्मचारी विनियम: २०७५" अनुरुप हुनेछ ।

८. **समितिको कोष** : (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट स्वास्थ्य संस्था संचालनको लागि प्राप्त हुने अनुदानको रकम,

(ख) स्वास्थ्य संस्थाको सेवा प्रदान गरे बापत प्राप्त हुने शुल्क,

(ग) दात्री निकाय वा दाताहरुबाट प्राप्त हुने रकम,



Scanned with CamScanner

(घ) अन्य स्रोत बाट प्राप्त रकम ।

(३) समितिको काम कारवाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोषबाट समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ । यस्तो रकम खर्च गर्दा सार्वाजनिक खरिद ऐन, नियमावाली तथा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(४) समितिको मुल खाता कुनै बाणिज्य बैकमा खोलि संचालन गरिनेछ ।

(५) समितिको खाता समितिको अध्यक्ष वा निजले तोकेको समितिकै अन्य व्यक्ति र ब्यवस्थापकको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

(६) ब्यबस्थापकसंग समितिको सम्झौता भई नगर कार्यपालिका द्वारा अनुमोदन भएको अवस्थामा सोहि अनुसार आन्तरिक आम्दानीको ब्यबस्थापन गरिनेछ ।

(७) समितिको कोषमा जम्मा हुन आउने रमक जुन प्रयोजनका लागि प्राप्त भएको हो सोहि प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ ।

(८) विदेशी सरकार, संघसंस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानुन बमोजिम अनुमति लिनुपर्नेछ ।

(९) समितिले विभिन्न कल्याणकारी कोषहरू संचालन गर्न सक्नेछ । सोको कार्यविधि स्थानीय सरकारद्वारा स्वीकृत गराउनु पर्नेछ ।

**९. सम्पति र कोषको हस्तान्तरण :** साविक आदेश वा कार्यविधि बमोजिम प्रस्तावित बराहक्षेत्र नगर अस्पताल रलायन्स चक्रघट्टी हेल्थकेयर अपग्रेड प्रोजेक्ट समितिको नाममा रहेको सबै चल अचल सम्पति यसै आदेश बमोजिमको गठन हुने 'बराहक्षेत्र नगरअस्पताल ब्यबस्थापन समिति' को नाममा स्वत: हस्तान्तरण हुनेछ ।

**१०. लेखा र लेखापरीक्षण:** (१) समितिको आय व्ययको लेखा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाचा बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षणसमितिको निर्णय बमोजिम हुनेछ ।

(३) कोषको अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम आईक्यानमा दर्ता भएको लेखापरिक्षक फर्म वा कम्पनिबाटगर्नुपर्नेछ ।

(४) स्थानीय सरकारले जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

**११. अधिकार प्रत्यायोजन:** समितिले आफुलाइ प्राप्त अधिकारहरुमध्ये दफा ४ को खण्ड (ङ) बमोजिमको स्वास्थ्य संस्थाको बजेट तथा कार्यक्रम स्वीकृतगर्ने तथा खण्ड (च) बमोजिमको स्वास्थ्य संस्थाको सेवा शुल्क प्रस्तावगरि स्वीकृतिका लागि स्थानीय सरकारमा पेश गर्ने बाहेक



Scanned with CamScanner

अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य सचिव वा समितिले तोकेको व्यक्तिले प्रयोग गर्ने गरि प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **निर्देशन दिने :** स्थानिय सरकारले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१३. **परिमार्जन :** बराहक्षेत्र नगरअस्पताल संचालनका क्रममा कुनै कानुनी समस्या भईकाम गर्न बाधा अड्चन भएमा नगर अस्पताल ब्यबस्थापन समितिले निर्णय गरि सो बिषयमा नगर कार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ । समय र आवश्यकता अनुसार यस "बराहक्षेत्र नगर अस्पताल ब्यबस्थापन समिति गठन आदेश, २०७६" नगरकार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

**प्रमाणिकरण गर्नेको :**

दस्तखत :

नाम थर : अच्युत प्रसाद दाहाल

दर्जा : प्रमुख प्रशासकीय अधिकृत

पृष्ठ संख्या : ७

मिति : २०७६।०२।१३

कार्यालयको छाप :



Scanned with CamScanner